महादेव पर्यटन पूर्वाधार आयोजना र वयेलपाट दुनी पोलेक सडक, विस्तडी, नौतडी रुईनपाटा वयलपाटा, लाटादेउ लिप्ट सिचाई सिराड वर्थिङ्ग सेन्टर अनुगमन कार्यसम्पादन मूल्याङ्कन फिल्ड भ्रमण

भागेश्वर गाउँपालिका अन्तरगत वार्ड न १,२ र ५ आयोजना भागेश्वर गाउँपालिकाको कार्यालयबाट कार्यान्वयनमा रहेको छ।

महादेव पर्यटन पूर्वाधार आयोजना बजेट :- ५००००० (सघीय शसर्त अनुदान )

वयलपाट दुनी पोलेक सडक २०००००० (समनीकरण अनुदान )

विस्तडी, नौतडी रुईनपाटा वयलपाटा, लाटादेउ लिप्ट सिचाई ३५००००० (प्रदेश विशेष अनुदान )

सिराड वर्थिङ्ग सेन्टर ३८००००० (सघीय शसर्त अनुदान )

कार्यान्वयन आ.व. ०८०/०८१

आयोजना अनुगमनको उद्धेश्य

आयोजना अनुगमन आफैंमा एक सुनियोजित योजना कार्यपद्धति हो । यसमा कुनै निश्चित उद्देश्य प्राप्त गर्ने विधि र प्रक्रिया अपनाइएको हुन्छ । आयोजनाको तर्जुमा कुनै वस्तु वा सेवा उत्पादन गर्ने अथवा कुनै निश्चित उद्देश्यले गरिन्छ । आयोजनाको तर्जुमा गर्दा सम्बन्धित कार्य सम्पादन गर्नका लागि चाहिने निश्चित स्रोतसाधन, कार्य सम्पादनमा चाहिने लागतको अनुमान र कार्य सम्पादन गर्नुपर्ने निश्चित समय, लागत र गुणस्तर अनुसारको उद्धेश्य अनुरुप कार्य भए नभएको एकिन गरिन्छ ।

आयोजना त्यस्तो कार्यशैली हो जसको अधीनमा रही कुनै निश्चित कार्य निश्चित समयभित्र निश्चित प्रक्रियाद्वारा निश्चित स्रोत र साधनहरुको प्रयोगमार्फत सम्पादन गरिन्छ । आयोजना स्वयंमा कुनै कार्य होइन, कार्यशैली मात्र हो । अर्को शब्दमा, कुनै निश्चित उद्देश्य प्राप्त गर्नका लागि गर्नुपर्ने कार्यका लागि उपयोग गरिने र साधन, कार्यप्रणाली, कार्य पूरा गर्ने अवधि आदिको पूर्वनिर्धारित प्रारूप नै आयोजना हो । कुनै पनि विकासका क्रियाकलापलाई सफलताको मार्गमा लम्काउनका लागि आवश्यक तयारी, समन्वय र प्रक्रिया एवम् वैज्ञानिक योजनाको आवश्यकता पर्दछ । जुन कुराको प्रत्याभूति व्यवस्थित आयोजनाबाट मात्र प्राप्त गर्न सकिन्छ । त्यसैले विकासका कुनै पनि क्रियाकलाप सञ्चालन गर्दा अर्थात् कार्यक्रमहरूको सफलता पहिचान गर्न वा तिनीहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्न आयोजनाको खाँचो पर्दछ ।

आयोजनाले सर्वप्रथम विकासका क्रियाकलापहरूको सम्भाव्यता अध्ययन गर्न सहयोग पुऱ्याउँदछ । अनि सम्भाव्य आयोजनाको व्यवस्थित तयारी र कार्यान्वयनमा जोड दिन्छ । सामान्यतया कुनै निश्चित

प्रमुख प्रशासकीय अधिकृत

उद्देश्य वा कार्य सम्पन्न गर्नका निम्ति तोकिएका समय, स्रोत र लागतमा गुणस्तरीय वस्तु उत्पादन गर्ने कार्यपद्धति नै आयोजना अनुगमन हो ।

आयोजना उद्देश्यअनुसार साना वा ठूला हुन्छन् । विभिन्न उद्देश्य प्राप्त गर्न सञ्चालन हुने आयोजना एकअर्कासँग निर्भर हुन्छन् । जसको मूल्यांकन एकमुष्ट रूपमा गरिन्छ ।

मूल्यांकन विशेषतः आयोजना कार्यान्वयनपूर्वको चरण र कार्यान्वयन समाप्तिको चरणपछि दुई चरणमा गरिन्छ । यसमध्ये कार्यान्वयनपूर्वको चरणको मूल्यांकनलाई प्रोजेक्ट एप्रैजल भनिन्छ र कार्यान्वयन समाप्तिको चरणको मूल्यांकनलाई प्रोजेक्ट इभ्यालुएसन भनिन्छ । यी दुवै किसिमका मूल्यांकन विशेष महत्वपूर्ण छन् । खासगरी आयोजनाको सर्वपक्षीय उपयुक्तता सम्बन्धमा आश्वस्त हुन र कार्यान्वयनसम्बन्धी निर्णय गर्ने प्रयोजनको निमित्त गरिन्छ । यो एउटा महत्वपूर्ण व्यवस्थापकीय औजार हो र यसैको माध्यमबाट व्यवस्थापनले आयोजनाको विशेष पक्ष एवं महत्वपूर्ण मध्यनजर राखे र आयोजनाको सम्पादन निर्धारित लक्ष्यअनुसार भए/नभएको एकिन गर्न सकिन्छ ।

अनुगमन तथा मूल्यांनबाट देखापरेका नतिजाको राम्रोसँग सदुपयोग गर्नसकेमा भविष्यमा सिर्जना हुने समस्याको निराकरण गर्न ठूलो टेवा मिल्दछ

अर्को प्रोजेक्ट अप्राइजल नै प्रोजेक्ट इभ्यालुएसनको मूल आधार हो । यसै दस्तावेजमा अपेक्षा गरिएअनुसार लक्ष्य वा उद्देश्य हासिल गर्नेगरी आयोजनाले कार्य सम्पन्न गरेको छ छैन भन्ने समाप्ति चरणको मूल्यांकनबाट हुन्छ । त्यसैगरी प्रोजेक्ट अप्राइजल आयोजना कार्यान्वयन पूर्व र आयोजना कार्यान्वयन चरणमा पनि प्रत्येक सुपरिवेक्षण स्तरमा हुन्छ । तर एभ्यालुएसन चाहिँ आयोजना समाप्तिको चरणमा मात्र हुन्छ । प्रस्तुत प्रयोजनका लागि हामीले आयोजना मूल्यांकन भन्नाले आयोजना समाप्तिको चरणको मूल्यांकनलाई नै मात्र लिएका छौं । अतः यस अनुगमनमा केवल इभ्यालुएसनसँग मात्र सम्बन्ध राख्दछ ।

आयोजना मूल्यांकन एउटा व्यवस्थित प्रक्रिया भएकाले यसले आयोजनाको सफलता र असफलता वा यसको असर ग्रामीण क्षेत्रका कुनकुन तहमा कस्तो पऱ्यो भन्ने कुरा मापन गर्दछ । आयोजना मूल्यांकनले केवल विगतका आयोजनाका क्रियाकलापलाई मात्र जोड दिँदैन । यसले आगामी आयोजनालाई कसरी सुनियोजित र व्यवस्थित ढंगबाट सञ्चालन गर्न एवम् सुधार गर्न सकिन्छ भन्ने कुरालाई पनि प्रकाश पार्दछ । ग्रामीण आयोजना मूल्यांकन गर्दा विशेषज्ञ एवम् स्थानीयतहले आयोजना असफलता र सफलता दुवै महत्वपूर्णलाई गहन रूपमा विश्लेषण गरी आगामी आयोजनालाई सफलतातिर लम्काउन उपयुक्त नीतिगत व्यवस्थापनमा ध्यान दिँदै जानुपर्दछ ।

...ा प्रशासकीय अधिकृत

आयोजनाको मूल्यांकनबाट यसको प्रभावकारिता, सफलता, सक्षमता, महत्व आदिको निर्धारण गर्न सकिन्छ । ग्रामीण क्षेत्रमा निर्माण हुने आयोजनाको प्रत्येक उद्देश्य सफल भए कि भएनन् भनी उपयुक्त परीक्षण गर्नु नै वास्तवमा अनुगमन मूल्यांकन प्रक्रिया हो । यस चरणमा अनुगमन तथा मूल्यांकन प्रक्रिया कुनै पनि विकास कार्यक्रम र आयोजनाहरूको उद्देश्य प्राप्तिका निमित्त ज्यादै महत्वपूर्ण साधन हो । खासगरी ग्रामीण विकास आयोजना गरिबी उन्मुलन र प्रायः बहुआयामिक ग्रामीण विकासको लक्ष्यले प्रेरित भएका जटिल आयोजनाहरूको निम्ति छिटो छरितो अनुगमन र मूल्याङ्कन प्रणाली अति आवश्यक हुन्छ । अनुगमन भन्नाले व्यवस्थापनद्वारा कार्यक्रम कार्यान्वयनको हरेक तहमा गरिने निरन्तर वा आवधिक आवश्यक पर्ने लगानी कार्यतालिका अनुसारको कार्य र परिलक्षित प्रतिफल हासिल गर्नका निम्ति कार्य सञ्चालन भैरहेको छ छैन भन्ने कुरा निश्चित गर्न यस प्रकारको निरीक्षण र जाँचबुझ गरिन्छ ।

मूल्यांकन भन्नाले आयोजनाको उद्देश्यको आधारमा यसका क्रियाकलापको सान्दर्भिकता, दक्षता, प्रभावकारिता र प्रभावको सुव्यवस्थित र उद्देश्यपूर्ण तरिकाले निर्धारण गर्ने एक प्रक्रिया हो । या चालू आ व मा कार्यक्रमलाई सुधार गर्न र भावी योजना कार्यक्रम र निर्णय प्रविधिमा व्यवस्थापनलाई सहयोग पुऱ्याउने एउटा संगठनात्मक पद्धति हो । अनुगमन र मूल्यांकन व्यवस्था कुनै पनि विकास आयोजनाको उद्देश्य प्राप्तिको निम्ति महत्वपूर्ण साधन हो । उद्देश्य तथा नतिजामूलक अनुगंमन र मूल्याङ्कन प्रवृत्तिमा आयोजनाको तल्लो तहदेखि माथिल्लो तहसम्म निरन्तर रूपमा आयोजनाको कार्यान्वयन निर्धारित समय र कार्यतालिका अनुरूप भएको छ छैन कार्यान्वयन भएपछि त्यसको नतिजा र प्रतिफल के—कति प्राप्त भयो र त्यसबाट आयोजनाको उद्देश्य प्राप्तिमा कति सफलता मिल्यो लक्षित वर्गमा के कस्तो प्रभाव पऱ्यो आदि कुरालाई मध्यनजर राखी मूल्यांकन र अनुगमन गरिन्छ ।

आयोजनाको अवलोकन भ्रमण आयोजनाको समय सीमा भित्र—व्यवस्थापनसँग सम्बन्धित छ । आयोजना एक निश्चित अवधिभित्र सम्पन्न गरी सक्नुपर्ने हुनाले समय—समयमा यस कुराको अवलोकन भ्रमण गर्नु आवश्यक छ कि निर्धारित समय तालिकाअनुरूप कार्य सम्पादन भइरहेको छ वा छैन । यसप्रकार आयोजनाको अवलोकनले समय व्यवस्थापनलाई बढी प्रभावकारी तुल्याउँछ र आयोजनालाई निर्धारित समयभित्र पूरा गर्नमा सघाउ पुऱ्याउँछ । आयोजनाको अवलोकन र कार्यतालिकासँग सम्बन्धित छ भने अर्कोतिर कार्यतालिका आयोजनाको योजनासँग सम्बन्धित रहेको हुन्छ । आयोजना अवलोकनको मुख्य उद्देश्य आयोजनाको कार्य प्रगति तथा आयोजनाको काममा पुगेको बाधाको सम्बन्धमा जानकारी प्राप्त गर्नुरहेको हुन्छ ।

आयोजनाको अवलोकन गर्दा नियन्त्रण पनि गर्नुपर्ने हुन्छ । आयोजनाको अवलोकनबाट आयोजनाको कार्य सम्पादन उचित समयमा र सही तरिकाबाट सम्पन्न भए नभएको कुराको जानकारी प्राप्त हुन्छ भने त्यस जानकारीको आधारमा आयोजनाको नियन्त्रण सम्बन्धी कार्य गरिन्छ । आयोजनाको

मुख्य प्रशासकीय अधिकृत

अवलोकनबाट निस्केको निष्कर्षले आयोजना पूर्वनिर्धारित योजनाअनुसार सम्पन्न भइरहेको छ भन्ने कुरा देखाउँछ, जुन कार्यहरू जुन कारणले गर्दा सही तरिकाबाट सम्पन्न भइरहेका छैनन् ती कार्यहरूको बाधा र त्रुटिहरूलाई सच्चाउने कार्य आयोजनाको नियन्त्रणको माध्यमद्वारा गरिन्छ । कुनै पनि आयोजनाको सफलताको लागि अनुगमन सम्भाव्यता विश्लेषण अत्यावश्यक कार्य हो ।

योजनाको अनुगमन तथा मूल्यांकन गर्ने पद्धति भरपर्दो र प्रभावकारी हुनुपर्छ आजभोलि विशेष महत्वको रूपमा लिइन्छ । अनुगमन व्यवस्थाले योजना कार्यान्वयन चरणको सिलसिलामा आइपरेका कठिनाइ र त्यसका कारणको समयमै पहिचान गरी समाधानका उपायहरू खोज्न र योजनालाई सहि दिसामा अवलम्बन गर्न प्रेरित गर्दछ ।

**अनुगमन कार्यसम्पादन मूल्याङ्कन फिल्ड भ्रमण टोली**

यस गाउँपालिका कार्यालयको मिति २०८१/३/१२ को निर्णयानुसार देहाय बमोजिमको अनुगमन तथा केही योजनाहरुको अन्तिम कार्य सम्पादन प्रतिवेदन नाप जाच गर्ने निर्णय अनुरुप अनुगमन तथा मूल्यांकनबाट देखापरेको नतिजाको राम्रोसँग सदुपयोग गर्नसकेमा भविष्यमा सिर्जना हुने समस्याको निराकरण गर्न ठूलो टेवा मिल्दछ । अनुगमन भनेको विभिन्न तहबाट योजनाको लक्ष्य प्रासिका लागि भइरहेका कार्यहरूको निरन्तर सामयिक सुपरिवेक्षण गर्ने कार्य हो, जसबाट क्रियाकलापका लागि सामग्री आपूर्ति एवं अन्य आवश्यक कामहरू कार्यतालिका अनुसार भइरहेका छन्/छैनन् भन्ने कुरा निश्चित गरिन्छ । यो व्यवस्थापन कार्यको एक पक्ष हो तर निरन्तर रुपमा अनुगमन गर्ने नीति लिइएको हुनु पर्छ जसले गर्दा योजनालाई लक्ष्य अनुरुप अगाडी वढाउनु मद्धत गर्दछ।

क. गाउँ पालिका प्रमुख प्रशाकीय अधिकृत श्री खगेन्द्र भारती — संयोजक
ख. विज्ञ परामर्शदाता ईन्जिनियर श्री सुदिप देवकोटा — सदस्य
ग. सव ईन्जिनियर श्री मनिषा कुमारी जोशी — सदस्य
च सह लेखापाल श्री वीर वहादुर मल्ल — सदस्य

भ्रमणको संक्षिप्त उद्देश्यः भागेश्वर गाउँपालिका वार्ड न. १,२ र ५ का आयोजनाहरु स्थलगत अवलोकन भ्रमण गरी गाउंपालिकाको बार्षिक कार्यक्रम तथा कार्य प्रगति समेतको कार्य सम्पादन प्रतिवेदन प्रत्यक्ष रुपमा सम्बन्धित विषयका जानकार सहित, गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृत र विज्ञ परामर्शदाता ईन्जिनियर, सव इन्जिनियर र सहलेखापाल समेतको सहभागितामा निर्माण कार्यस्थलमै निर्माण कम्पनीका प्रतिनिधी र उपभोक्ताहरु बीच अन्तरक्रिया, प्रश्नोत्तर र अवलोकनको माध्यमवाट केही योजनाहरुको अन्तिम भुक्तानीको लागि नाप जाच गर्ने कार्य गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

३. भ्रमण कार्यतालिका तथा विवरणः

| मिति | कार्यक्रम | कैफियत |
|---|---|---|
| २०८१/३/१२ | वगरकोट — रुपाल | |
| | निर्माण आयोजना स्थलगत निरीक्षण | |
| २०८१/३/१३ | वडा न १ २ र ५ का निर्माण आयोजनाको स्थलगत निरिक्षण छलफल, केही योजनाहरुको अन्तिम नाप जाँच गरी कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम भुक्तानीको कार्य सम्पादन तयार गर्ने । | |
| २०८१/३/१३ | रुपाल-बगरकोट | |

निर्माण आयोजनाको स्थलगत अवलोकन र निरीक्षणः

मिति २०८१ अषाढ १२ र १३ गते निरीक्षण टोली आयोजना निर्माण स्थलगत अनुगमनको लागि पुगेको थियो। सो अवसरमा टोली प्रमुख सहितका प्राविधिकहरुले निर्माण आयोजनाको स्थलगत इस्टमेट र सम्झौता वमोजिम कार्य भए नभएको अन्तिम कार्य सम्पादन प्रतिवेदन तयार गर्न नाप जाँच गरी सम्झौता बमोजिमको कार्य सम्पन्न भएको छ छैन कति कार्य भएको फिल्ड भ्रमण गरियो । त्यस्तै गरी सोही दिन अन्य निर्माण हुने क्षेत्रको समेत स्थलगत निरीक्षण गरियो।

| मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि | कैफियत |
|---|---|---|
| निर्माण आयोजना क्षेत्र भित्रका जनताहरुको लागि यातायात, पर्यटन, स्वास्थ्य र सिचाई सेवामा पहुँचमा अभिवृद्धि | केही योजनाहरुको निर्माण कार्य सम्पन्न भएको । | |

आयोजना संचालनमा देखिएका समस्याहरुः

- निर्माणका काममा गुणस्तरसँग गाँसिएका विषय अध्ययन गर्दा योजनाको परिकल्पना, सम्भाव्यता अध्ययन, निर्माण सामग्रीका स्रोतहरूको यकिन, योजना प्राथमिकीकरण, योजना छनोट, गुणस्तर प्रत्याभूति गर्ने आधारहरू, मापनका सूचकहरू, योजना सञ्चालन तथा निर्माणका लागि सशक्त टिम, टिमको कार्यक्षमता र इमान्दारिता, अत्याधुनिक प्रयोगशाला, समय र प्रगतिसँग आबद्ध गरिएको हुनुपर्छ ।
- अनुगमनबाट मात्र हामीले खोजेको, जनताले चाहेको प्रतिफल प्राप्त गर्न सक्ने एक मात्र विकल्प हो भन्न सकिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत


- भनसुन र हचुवाको तालमा छनोट गरिएका योजनाहरू निरुत्साहित गर्न अनुगमन प्रणाली कोशेढुङ्गा हुन्छ ।
- छोटो अवधिमा तयार गरिएका विस्तृत परियोजना प्रतिवेदनहरू नभएका ।
- हतारमा गरिने ठेक्कापट्टाको व्यवस्थापन गर्न कठिनाई हुने, थोरै बजेट विनियोजन ।
- ढिलो निकासा प्रणालीबाट भुक्तानी समस्याले थपिँदै जाने ।
- राम्रो निर्माण सामग्रीको अभाव, व्यवस्थित प्रयोगशाला र दक्ष जनशक्तिको सधैं अभाव ।
- सडकको काम सुरुगर्ने बेला देखि स्थानीयतहमा जग्गाधनीहरुबाट आउने सडकनिर्माण अवरोध ।
- प्राविधिक कर्मचारीको अभाव
- कर्मचारीले काम थन्क्याउने प्रवृत्ति ।
- प्राविधिक कर्मचारीको अनुभवको कमी ।
- जनप्रतिनीधिहरुबाट समन्वयको अभाव।
- गुणस्तरीय निर्माण सामाग्रीको अभाव गुणस्तरमा प्रश्नचिह्न खडा हुने कार्यालयलाई धौ धौ पर्ने।


८. अनुगमनमा देखिएका सकारात्मक /सुझावहरू:

- निर्माण व्यवसायीले आयोजनाको निर्धारित समय भित्र कार्य सम्पन्न गरेको ।
- निर्माण कार्य ड्रइङ, डिजाइन र इष्टिमेट वमोजिम निर्माण गरिएको ।
- प्रयोग गरिने निर्माण सामग्री जस्तै बालुवा, गिट्टी, ढुङ्गा, सिमेन्ट, छड आदी इष्टिमेट बमोजिम र ल्याव टेष्ट सहितको प्रतिवेदन हुनुपर्ने ।
- प्राविधिकको प्रत्यक्ष निगरानी र निर्देशन वमोजिम निर्माण गरिएको ।
- हाल प्रयोग भएको बालुवा, गिट्टी, ढुङ्गा, सिमेन्टको गुणस्तर चेकजाचको रिपोर्ट पेश गरिनु पर्ने ।
- सम्वन्धित साईट प्राविधिकले आयोजना निर्माण गर्दा समय समयमा निर्देशन दिएको ।
- विज्ञ परामर्शदाता ईन्जिनियरले फिल्डमा नै गई नाप जाँच गरी कार्य सम्पादन प्रतिवेदन दिएको ।
- कार्यालयले खटाइएको प्राविधिकले निर्माण अवधिभर निर्माण कार्यको प्रत्यक्ष निगरानी गरेको ।
- सिमेँन्टबाट ढलान भएको सरचनामा पानीको प्रयोग भएको।
- काम नगरि भुक्तानी लिने प्रकियालाई निरुत्साहित अनुगमनबाट भएको छ ।
- अनुगमनले राज्यबाट गरिने लगानीको सहि सदप्रयोग भएको छ ।
- अनुगमनबाट जिम्मेवार व्यक्तिलाई जवाफदेहिता बढाएको छ ।
- योजनाको अभिलेखिकरण भएको छ ।


प्रमुख प्रशासकीय अधिकृत


निर्माण स्थलमा नाप जाँचको क्रममा खिचिएको तस्वीरहरु






प्रशासकीय अधिकृत


















मुख प्रशासकीय अधि









प्रशासकीय अधिकृत